बैठक संख्या -८५

आज मिति २०८०।०८।२५ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री चमेली गुरुङज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चमेली गुरुङ | कार्यवाहक अध्यक्ष | |
| २ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ३ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ४ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ५ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ६ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ७ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ८ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | ज्ञानु |
| ९ | श्री शान्ती माया तामाङ | सदस्य | |
| १० | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| ११ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १२ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १३ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: ८५ मिति: २०८०।०८।२५

निर्णयहरू:

१. उत्तरगया गाउँपालिका विपद व्यवस्थापन कोष (८०३२८५०११०६) अन्तरगत पूँजिगत खर्च शिर्षकमा विपद पश्चात स्थानीय पुनर्स्थापना तथा पुनर्निमाणका लागि ६०,००,०००/- (साठी लाख) विनियोजन भएकोमा खर्च शिर्षक पूँजिगत भैपरी आउने भएकोमा उक्त खर्च शिर्षकबाट SUTRA SYSTEM बाट खर्च लेख्न नमिलेको हुँदा उक्त बजेटलाई अन्य सार्वजनिक निर्माण शिर्षकमा परिवर्तन गर्न गाउँपालिका कार्यालयलाई निर्देशन दिने ।

२. आ.व.२०८०।८१को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाभित्रबाट कुल १३२ जना बेरोजगारहरु सूचिकृत भएकोमा वडा नं १ बाट ७ जना, वडा नं २ बाट ६ जना, वडा नं ३ बाट ८ जना, वडा नं ४ बाट ७ जना र वडा नं ५ बाट १० जना गरी कुल ३८ जना सूचिकृत बेरोजगारहरुलाई यस आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनमा उपयोग गर्ने।

३. गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आ.व.२०८०।८१ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन अन्तर्गत बुँदा नं. २ विद्यालय शिक्षक नियुक्ति शिर्षकमा भएको खर्च साझेदारी सम्बन्धी व्यवस्थामा **"खर्च मध्ये सम्बन्धित विद्यालयले शिक्षक छनौट समितिको संयोजक र सदस्य सचिवको पारिश्रमिक/भत्ता बापतको खर्च व्यहोर्ने र बाँकी खर्च गाउँपालिकाले व्यहोर्ने"** हुने गरी संशोधन गर्ने।

४. कृषि तथा पशु उद्यमशिलता साझेदारी कार्यक्रमको गाउँपालिकाबाट प्रथम चौमासिक निकाशा ढिला भएको तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधीहरु समेत ढिला बनेकाले कार्यक्रम सञ्चालनमा ढिलाई भएकोले उक्त कार्यक्रमको प्रथम चौमाशिक रकमको पेश्की फर्छ्यौट अवधी २०८० पौष मसान्तसम्म कायम गर्ने ।

५. "उत्तरगया गाउँपालिका कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८०" पारित गर्ने ।

६. "उत्तरगया गाउँपालिकाभित्रका व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रिमा आधारित अनुदान वितरण कार्यविधी, २०८०" पारित गर्ने।

७. विगतमा कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गर्दै सेवा प्रवाहलाई व्यवस्थित र थप प्रभावकारी बनाउने ।

२०८०/०८/२५

प्रसाद अधिकारी
...य अधिकृत